**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २६ सितम्बर २०२६**
समयः १८:५० - १६:०० बजे (अवधि १० मिनट)

**प्रमुख समाचार**

- केन्द्रिय परिवहन तथा राजमार्ग मंत्री नितीन गड़करीले पश्चिम बंगालको सिलगड़ी, गुवाहाटी अनि शिलंङलाई जोड़ने राजममार्ग करिडोरको विकास गरिने घोषणा गर्नुभएको छ।

- राष्ट्रीय जाँच एजेन्सी ले पश्चिम बंगालमा आतंकवादी संगठन **जमात-उल-मुजाहिदीन** बांग्लादेशसित संबंधित रहेको मामिलामा चार जनालाई पक्राउ गरेको छ।

- सर्वोच्च न्यायालयले क्यान्सरको औषधिमा निजी अस्पतालहरूले लिने अत्यधिक मार्जिन प्रति चिन्ता व्यक्त गर्दै सबै औषधिहरूको लागि एक समान 16 प्रतिशत मार्जिन लागू गर्ने वकालत गरेको छ।

- सिलगड़ी उत्तर कन्या , मिनी सचिवालयमा आज जीटिए लाई लिएर एउटा महत्वपूर्ण बैठक सम्पन्न भयो।

- दार्जिलिङका विधायक नोमन राईले आज रिम्बिक–लोधोमा क्षेत्रका विभिन्न ग्राम पञ्चायतका प्रधान, उपप्रधान तथा निर्वाचित प्रतिनिधिहरूसित आईबी बङलो लोधोमामा प्रशासनिक बैठक गर्नुभयो।

**नितीन गड़करी**

केन्द्रिय परिवहन तथा राजमार्ग विकास मंत्री नितीन गड़करीले पश्चिम बंगालको सिलगड़ी, असमको गौहाटी तथा मेघालयको शिलंङलाई जोड़ने ६.३० कि.मी लामो राजममार्ग करिडोरको विकास गरिने घोषणा गर्नुभएको छ। उहाँले यसका लागि ६१ हजार ५०० करोड़ रूपियाको राशि आवंटित गरिएको घोषणा पनि गर्नुभएको छ। यसले पश्चिम बंगालको संवेदनशील चिकन नेक करिडोर सित पूर्वोतर राज्यहरूलाई सर्म्पक संजालसित जोड़नुमा महत्वपूर्ण भूमिका खेल्ने छ। यसको घोषणा गर्दे श्री गड़करीले भन्नुभयो-

बाइर्ट नितीन गड़करी

स्मरण रहोस सिलीगुड़ी गोरखपुर ६ लेनको राष्ट्रिय राजमार्ग निर्माणको घोषणा अघिबाटै गरि सकिएको छ। एशियन हाई वे को निर्माण कार्य अन्तिम चरणमा छ।यी सड़क परियोजनाहरूले क्षेत्रको व्यवसाय , उध्योग सर्म्पक संजाल र सुरक्षालाई ठूलो टेवा प्रदान गरेको छ।

**नितीन गड़करी**

केन्द्रिय परिवहन तथा राजमार्ग मंत्री नितीन गड़करीले पश्चिम बंगालको सिलगड़ी, असमको गुवाहाटी तथा मेघालयको शिलंङलाई जोड़ने 6.30 कि.मी लामो राजममार्ग करिडोरको विकास गरिने घोषणा गर्नुभएको छ। उहाँले यसका लागि 61 हजार 500 करोड़ रूपियाको राशि आवंटित गरिएको घोषणा पनि गर्नुभएको छ। यसले पश्चिम बंगालको संवेदनशील चिकन नेक करिडोर सित पूर्वोतर राज्यहरूलाई सम्रपक संजालसित जोड़नुमा महत्वपूर्ण भूमिका खेल्ने छ। यसको घोषणा गर्दे श्री गड़करीले भन्नुभयो-

**बाइर्ट-** नितीन गड़करी

स्मरण रहोस सिलगडी- गोरखपुर 6 लेनको राष्ट्रिय राजमार्ग निर्माणको घोषणा अघिबाटै गरि सकिएको छ। एशियन हाईवेको निर्माण कार्य अन्तिम चरणमा छ।यी सड़क परियोजनाहरूले क्षेत्रको व्यवसाय , उध्योग सम्रपक संजाल र सुरक्षालाई ठूलो टेवा प्रदान गरेको छ।

**रिलायंस - शुभेंदु अधिकारी**

महान समाज सुधारक अनि शिक्षाविद् पंडित ईश्वरचंद्र विद्यासागरको 207औ जयंतीको अवसरमा पश्चिम बंगालका मुख्यमंत्री शुभेंदु अधिकारीले उहाको पैतृक गांव वीरसिंह पुगेर उहालाई भावपूर्ण श्रद्धांजलि अर्पित गर्नुभयो । यस अवसरमा मुख्यमंत्रीले राज्यको समग्र विकास अनि औद्योगीकरणको सकारात्मक तस्वीर पेश गर्नको साथै घाटाल मास्टर प्लान अनि विभिन्न सामाजिक समस्याहरुलाई लिएर राज्यको पूर्ववर्ती सरकार नीतिहरु माथि तिखो प्रहार गर्नुभयो । समारोहको मंचबाट आफ्नो संबोधनमा मुख्यमंत्रीले राज्यमा नयाँ निवेश अनि औद्योगिक संभावनाहरु बारे एउटा ठुलो घोषणा गर्नुभयो । रिलायंसले राज्यमा ठुलो निवेश गर्न गैरहेको उहाले घोषणा गर्नुभयो । यस निवेशको रूपरेखा तय गर्ने उद्देश्यले रिलायंसको एक उच्च स्तरीय प्रतिनिधिमंडलले चाडै कोलकाताको भ्रमण गर्ने भएको छ । यसको साथै शिक्षाको प्रसार अनि समाज सुधारका मुद्दाहरु माथि कुरा गर्नुहुँदै मुख्यमंत्रीले बिगतको सरकारको कार्यकालको कडा आलोचना गर्नुभयो । मुख्यमंत्रीले उपस्थित जनसमूहलाई आश्वस्त गर्दै भन्नुभयो - वर्तमान भाजपा सरकारको कार्यकालमा सबै क्षेत्रमा समग्र परिवर्तन अनि विकास कुनै पनि स्तिथिमा सुनिश्चित गरिनेछ ।

**पश्चिम बंगाल-एनआईए छापेमारी**

राष्ट्रीय जाँच एजेन्सी- **एन.आई.ए.**-ले पश्चिम बंगालमा आतंकवादी संगठन **जमात-उल-मुजाहिदीन** बांग्लादेश- **जे.एम.बी.** सित संबंधित रहेको मामिलामा चार जनालाई पक्राउ गरेको छ। **एन.आई.ए.** ले हिज राज्यका बिभिन्न स्थानहरूमा छापेमारी गरि यो पक्राउ गरेको हो। एनआईएले गरेको छापामारीमा पूर्व बर्धमान, दक्षिण 24 परगना र दक्षिण दिनाजपुर जिल्लाहरू सामेल छन्।

**पश्चिम बंगाल एसआईटी**

पश्चिम बंगाल सरकारले कोलकाताको सत्यजित रे फिल्म एवम टेलिभिजन संस्थानमा 27 सितंबरमा भएको घटनाको जाँच गर्न पाँच सदस्यीय विशेष जाँच दल एसआईटी गठन गरेको छ। कोलकाता पुलिस अपर आयुक्त कुणाल अग्रवालको अध्यक्षतामा रहेको यो दलले घटनासित सम्बन्धित पञ्चसायर थानामा दर्ता भएका तीन प्राथमिकिको जाँच गर्नेछ।एसआईटी लाई एक अक्टोबर सम्ममा प्रथम जांच रिपोर्ट बुझाउन भनिएको छ।27 सितंबरमा, सत्यजित रे फिल्म एवम टेलिभिजन संस्थानको परिसरमा एक उपभोक्ता समूह **अखिल** भारतीय **भारतीय ग्राहक** र संस्थानका विद्यार्थीहरू बीच झडप भएपछि हिंसा भड्किएको थियो।

**सर्वोच्च न्यायालय - क्यान्सर दबाई**

सर्वोच्च न्यायालयले क्यान्सर औषधिमा निजी अस्पतालहरूले लिने अत्यधिक मार्जिनप्रति चिन्ता व्यक्त गर्दै यसलाई "अन्यायपूर्ण" भनेको छ र सबै औषधिहरूको लागि एक समान 16 प्रतिशत मार्जिन लागू गर्ने वकालत गरेको छ। न्यायाधीश विक्रम नाथ र सन्दीप मेहताको पीठले केन्द्र सरकारलाई कर्पोरेट अस्पतालहरूले बिरामीहरूलाई आफ्नै वा तोकिएको फार्मेसीबाट औषधि किन्न बाध्य पार्छन् भन्ने आरोपहरूको जाँच गर्न भनेको छ। न्यायालयले औषधि (मूल्य नियन्त्रण) आदेश, 2013 अन्तर्गत औषधिको मूल्य, जेनेरिक औषधि र चिकित्सा उपकरणहरूको नियमनसित सम्बन्धित याचिकाहरूको सुनुवाइ गरिरहेको थियो।मामिलाको आगमी सुनवाई 12 अक्टूबरमा हुनेछ।

**उत्तर कन्या जीटिए बैठक**

सिलगड़ी उत्तर कन्या , मिनी सचिवालयमा आज एउटा महत्वपूर्ण बैठक जीटिए लाई लिएर सम्पन्न भयो। बैठकको अध्यक्षता पार्वत्य मामिला राजयमंत्री विशाल लामाले गर्नुभयो भने बैठकमा क्याबिनेट मंत्री ड़ा. शंकर घोष, जीटिए का प्रशासन स्म्रुति रंजन मोहन्ती तथा खरसांगमा भाजपा विधायक सोनाम लामा उपस्थित थिए। बैठकपछि पत्रकारहरूसित कुराकानी गर्दे ड़ा. शंकर घोषले भन्नुभयो यस बैठकमा पहाड़का तीन प्रमुख समस्याहरूको गहन समाधन तथा जीटिए क्षेत्रको विकासबारे गहन छलफल गरियो । उहाँले भन्नुभयो पहाड़का तीन प्रमुख समस्याहरू जाम, फोहोर मैला व्यवस्थापन तथा पिउने पानी संकटको हल कसरी गर्न सकिन्छ त्यसबारे छलफल गरियो।

बाईट शंकर घोष

**विधायक नोमन राई - प्रशासनिक बैठक**

रिम्बिक क्षेत्र भ्रमणका क्रममा दार्जिलिङका विधायक नोमन राईले आज रिम्बिक–लोधोमा क्षेत्रका विभिन्न ग्राम पञ्चायतका प्रधान, उपप्रधान तथा निर्वाचित प्रतिनिधिहरूसँग आईबी बङलो लोधोमामा प्रशासनिक बैठक गर्नुभयो। समष्टिभित्रका पहिरो प्रभावित क्षेत्रको स्थलगत भ्रमणमा रहेका विधायक राईले चारवटै ग्राम पञ्चायतका निर्वाचित प्रतिनिधिहरूसँग बैठक गर्दै पछिल्लो समय प्राकृतिक आपदाको कारण भएको क्षति तथा सरकारले सञ्चालन गरिरहेका विभिन्न विकास तथा जनकल्याणकारी परियोजनाका विषयमा विस्तृत छलफल गर्नुभयो।

**जनसेवाको 25 वर्ष**

प्रधानमंत्री नरेन्द्र मोदीले जनसेवाको 25 वर्ष पूरा गर्दै हुनु हुन्छ। यो यात्रा जनसेवाद्धारा देशसेवाको मंत्र अनि अटूट प्रतिबद्धताबाट प्रेरित छ, समावेशी विकास अनि सामाजिक सशक्तिकरणको माध्यमले यो समर्पण मानिसहरूको जीवनमा ठूलो परिवर्तान ल्याइरहेको छ। आज यस विशेष श्रृंखलामा, हामिले चर्चा गरिरहेका छौं जल सुधारको क्षेत्रमा मोदी सरकारको एउटा अर्को महत्वपूर्ण उपलब्धीबारे।

BYTE

गुजरात दशकौं सम्म पटक पटक फड़ेरी अनि भीषण जल संकटको त्रासदी झेली रहेको थियो। यस परिस्थितिलाई परिवर्तन गर्दै, गुजरातका तत्कालीन मुख्यमंत्री छन्दा श्री नरेंद्र मोदी जी ले जल प्रबंधनलाई एउटा स्थायी व्यवस्थाको रूपमा स्थापित गर्नु भयो। चेक डैम, खेत तलाब, रिचार्ज वेल अनि नहरहरूको एक विशाल नेटवर्कको योजना तैयार गर्नु भयो। 'सुजलाम सुफलाम' जस्तो दूरगामी पहलको माध्यमले बाढ़ीको बेला आउने अधिक जललाई 332 किलोमीटर भन्दा अधिक लामो नहरहरूको माध्यमले उत्तरी गुजरातको सैकड़ों गांवहरू सम्म पानि पुर्याउने काम गरियो।

**कालेबुङ - नगरपालिका**

कालेबुङ थाना,

**मिरिक महकुमा अधिकारी- भेटघाट**

मिरिक महकुमा

**भाजपा किसान मोर्चा मण्डल**

कृषकहरुलाई

**********